# स्थानीय-राजपत्र

## धोबीनी गाउँपालिका द्वारा प्रकाशित

खण्ड:.................... संख्या : ५ मिति:- २०७८/०१/१०

## भाग-१

# धोबीनी गाउँपालिकामा कार्यरत कर्मचारीहरु व्यवस्थापन गर्न बनेको ऐन, २०७७


**धोबीनी गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

लंगडी, पर्सा

प्रदेश नं. २, नेपाल


CamScanner

स्थानीय-राजपत्र

धोवीनी गाउंपालिका द्वारा प्रकाशित

ड:..................                संख्या ५                मिति:-२०७८/०१/१०

भाग-१

# वीनी गाउँपालिकामा कार्यरत कर्मचारीहरु व्यवस्थापन गर्न बनेको ऐन,२०७७

## धोवीनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लंगडी,पर्सा

प्रदेश नं.२,नेपाल ।

CamScanner

# धोवीनी गाँउपालिकामा कार्यरत कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन,२०७७

सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरुको समायोजन भई धोवीनी गाउँपालिका कामकाज गर्न खटाईए पश्चात साविकको स्थानीय निकायको सेवा प्रवेश गरि हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको बढुवा नहुँदा स्थानीय सेवाका समग्र कर्मचारीहरुको विकास अवरुद्ध भएकोले त्यस्ता कर्मचारीहरुको र अन्य स्थानीय निकायबाट सरुवा समायोजन तथा पदस्थापन भएका कर्मचारीहरुको बढुवा तथा वृद्धि सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएको गाउँपालिकाको( विशेष)गाउँ सभाले ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः(१) यस ऐनको नाम "धोवीनी गाउँपालिका कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन,२०७७" रहेको छ ।

(२)यो "ऐन" तुरुन्त प्रारम्भ हुने छ ।

२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "ऐन भन्नाले धोवीनी गाउँपालिकाको कर्मचारी समायोजन तथा व्यवस्थापन सम्वन्धमा व्यस्थापन गर्न बनेको ऐन २०७७ लाई सम्झनु पर्छ ।

ख) "कर्मचारी" भन्नाले साविकका स्थानीयको रुपमा रहेको धोवीनी गाउँपालिकाको स्वीकृत दरबन्दीमा सेवा प्रवेश गरि हाल कार्यरत रहेको र अन्य स्थानिय निकायबाट समायोजन हुँदा बढुवा नभई धोवीनी गाउँपालिकामा समायोजन भएका ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

ग)"कार्यपालिका" भन्नले धोवीनी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

घ)"तोकिएको" वा "तोकिए बमोजिम " भन्नाले यस ऐन र गाउँपालिकाले समय समयमा निर्यण गरि तोकिएका कुरालाई सम्झनु पर्छ ।

ङ)"गाउँ सभा" भन्नले धोवीनी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

च)"प्रमुख प्रशासकिय अधिकृत"भन्नाले स्थानीय संचालन ऐन,२०७४ को दफा ८४ तथा दफा ८४ को उपदफा (४) बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

छ)"स्थानीय सेवा" भन्नाले धोवीनी गाउँपालिकामा साविक स्थानीय निकायबाट समायोजन भई कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

CamScanner

ञ)" गाउँपातिका" भन्नले धोवीनी गाउँपालिकालाई सम्झनु पर्छ ।

झ)"स्थानीय कानुन" भन्नाले धोवीनी गाउँपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ ।

३। गाउँपालिका सेवाका कर्मचारी बढुवा गर्ने :

१। साविकको स्थानीय निकायको रुपमा धोवीनी गाउँपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेको वा अन्य स्थानिय निकायमा नियुक्ती भई गाउँपालिकामा सरुवा समायोजन पदस्थापन भएका र यो ऐन जारी हुँदाका बखत गाउँपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको बढुवा गरिने छ ।

२। उपदफा (१) बमोजिम कम्तिमा तीन वर्ष स्थायी रुपमा कार्यरत गाउँपालिकामा समायोजन सरुवा र पदस्थापन भएका स्थानीय सेवाका कर्मचारीको बढुवा देहाय बमोजिमको हुने छ ।

| क.स | साविकको तह | समायोजन पश्चात कायम हने पद/तह | कैफियत |
|---|---|---|---|
| १ | श्रेणी विहिन दोस्रो(गाउँ प्रहरी) | श्रेणी विहिन तेस्रो(गाउँ प्रहरी) | |
| २ | सहायक स्तर तृतिय | सहायक स्तर चौथो | |
| ३ | सहायक स्तर चौथो | सहायक स्तर पाँचौ | |
| ४ | सहायक स्तर पाँचौ | सहायक स्तर छैटो | |
| ५ | अधिकृत स्तर छैटों | अधिकृत स्तर सातौ | |
| ६ | अधिकृत स्तर सातौ | अधिकृत स्तर आठौ | |
| ७ | अधिकृत स्तर आठौ | अधिकृत स्तर नवौ | |

३। उपदफा (२) बमोजिमको पदममा सम्वन्धित सेवा वा समूह जनाई पदनाम कायम हुने छ ।

(४) यस दफा बमोजिम गाउँपालिकाका स्थानीय सेवाका कर्मचारी बढुवा गर्दा कायम हुने तर निजले साविकमा खाईपाई आएको तलव भन्दा कम हुने भएमा ग्रेड थप गरि तलब मिलान गरिने छ ।

(५) उपदफा (१) बमोजिम बढुवा स्विकार गर्ने कर्मचारीहरुको बढुवा कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुविधाहरु प्राप्त गर्ने छन ।

(६) उपदफा (२) बमोजिम बढुवा तथा स्तरवृद्धि सम्बन्धि प्रावधान एक पटकका लागि मात्र लागु हुनेछ ।

**४.बढुवा-पत्र दिने** :(१) यस ऐन बमोजिम बढुवा भएपश्चात गाउँपालिका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकिय अधिकृतले (बढुवा) समायोजन पत्र दिनु पर्नेछ ।

CamScanner

(२) उपदफा (१) बमोजिम दिईने पत्र अनुसूची-१ बमोजिम बमोजिमको हुनेछ ।

५.पदस्थापना गरिने : ) उपदफा (३) बमोजिम बढुवा भएका गाउँपालिका अन्तर्गत रहेका स्थानीय सेवाका कर्मचारीहरुलाई बढुवा पश्चात पदस्थापना गर्नु अघि स्वत :पुल दरबन्दीमा कायम भएको मानिने छ। यसरी बढुवा भई पुल दरबन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नु पूर्व गरि आएको कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

६.गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गराई पुल दरबन्दीमा रहेका कर्मचारीहरुलाई उपयुक्त उपसमुह तथा उपसमुहमा पदस्थापना गरिने छ ।

७.बढुवा भएका कर्मचारीको सेवा सुविधाः यस ऐन बमोजिम बढुवा भएका स्थानीय कर्मचारीहरुको तलब तथा अन्य सुविधा प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

८.जेष्ठताको गणना :

(१) यस ऐन बमोजिम बढुवा हुने कर्मचारीहरुको जेष्ठता बढुवा भएको मिति देखी गणना गरिनेछ ।

९.आवश्यक व्यवस्था मिलाउनेः यो ऐन कार्यान्वय गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरि आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

आज्ञाले
अशोक कुमार रौनियार
प्रमुख प्रशासकिय अधिकृत